**अन्नपूर्ण गाउँपालिका,कास्की**

**आर्थिक बर्ष २०८२/०८३ को पहिलो चौमासिक अवधिमा सम्पन्न गरेका योजना तथा नियमित सेवा प्रवाहको सम्बन्धमा**

**"सार्वजनिक सुनुवाई"**

**कार्यक्रम**

**बिभिन्न शाखा तथा वडा कार्यालयबाट सम्पादन भएका कार्यहरु**

**प्रशासन शाखाबाट सम्पादन भएका कार्यहरु**

- शान्तिपूर्ण एवम् सुरक्षित समाजका लागि समुदाय प्रहरी साझेदारी अन्तर्गत सामुदायिक सेवा केन्द्र एवम् सामुदियक प्रहरी सेवा, वडा प्रहरी कार्यालय वगर र जिल्ला प्रहरी कार्यालय कास्कीको आयोजना तथा यस गाउँपालिकाको समन्वय तथा सहजीकरणमा नागरिक सुनुवाई कार्यक्रम मिति २०८२।०४।१६ गते संचालन गरिएको।
- गाउँपालिकाका सम्पूर्ण वडा कार्यालय तथा विषयगत शाखाहरूबाट आर्थिक वर्ष २०८१/०८२ मा भए गरेका कार्यक्रमको समीक्षा कार्यक्रम मिति २०८२/०५/१५ र १६ गते सम्पन्न गरिएको।
- पूर्वाञ्चल गन्धर्व सांस्कृतिक उत्थान समाजको पूर्व मेची देखी पश्चिम महाकाली सम्म वृहत् गन्धर्व सांस्कृतिक अभियान कार्यक्रम २०८२ अन्तर्गत मिति २०८२/०५/१८ गते यस गाउँपालिकामा सांगितिक कोशेली कार्यक्रम संचालन गरिएको।
- गाउँपालिकाको सुरक्षा अवस्था तथा चाडपर्व लक्षित योजना सम्बन्धी जनप्रतिनिधी तथा गाउँपालिका क्षेत्रभित्र रहेका प्रहरी चौकी प्रमुखहरूसँग मिति २०८२/०६/१२ गते छलफल कार्यक्रम सञ्चालन गरिएको।
- पोखरा घोडेपानी सडक सञ्जालको २०८२/०६/२८ गते यस गाउँपालिका र अन्नपूर्ण गाउँपालिका, म्याग्दीका अध्यक्षद्वय द्वारा संयुक्त रुपमा समुद्घाटन कार्यक्रममा सहजिकरण गरिएको।
- अन्नपूर्ण गाउँपालिकामा सामाजिक विकास र रुपान्तरण एवम् वर्तमान अवस्था र आगामी दिनहरूमा युवाहरूको भुमिका सम्बन्धी स्थानीय क्लव तथा संघ संस्थाहरूसँग मिति २०८२/०६/३१ गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।
- यस गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी र गण्डकी प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूबिच मिति २०८२/०७/१८ गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न।
- यस गाउँपालिका अन्तर्गत बिरेठाँटी प्रहरी चौकी र नयाँपुल प्रहरी चौकीलाइ १/१ थान मोटरसाइकल तथा फर्निचर उपलब्ध गराइएको।
- आ.व. २०८२/०८३ को बार्षिक गाउँ विकास योजना प्रकाशन गरिएको।
- नेपाली नारिहरुको महान पर्व हरितालिका तीज २०८२ को अवसरमा मिति २०८२/०५/०५ गते शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरिएको।
- प्रदेश निर्वाचन कार्यालय, गण्डकी प्रदेशबाट निर्देशन भएबमोजिम कार्यहरु गरिएको।
- माछापुच्छ्रे आधार शिविर (MBC)को प्राथमिक उपचार केन्द्रमा आवश्यक सामाग्रीहरूको व्यवस्थापन गरिएको।

- २ वटा कार्यविधिहरू पारित भएको।
- ४ पटक कार्यपालिका बैठक बसेको।
- विभिन्न मन्त्रालय तथा कार्यालयहरुबाट माग भई आएबमोजिमका विवरणहरु तयार गरी उपलब्ध गराइएको।
- गाउँपालिका जनप्रतिनिधि तथा सम्पूर्ण कर्मचारीहरूको आ.व. २०८१।०८२ को सम्पत्ति विवरण फारम संकलन गरी सम्बन्धित कार्यालयमा पेस गरिएको।
- यस अन्नपूर्ण गाउँपालिकामा कार्यरत सबै सेवा समूहका कर्मचारीहरूको आ.ब. २०८१।०८२ को कार्यसम्पादन मूल्याङ्कन फारम सम्बन्धित कार्यालयमा पेस गरिएको।
- यस कार्यालयमा फ्री वाइफाई, सेवाग्राही सहायता कक्ष र ठीक १० बजे राष्ट्रिय गान सहित मुस्कान सहितको सेवालाई निरन्तरता दिइएको।
- गाउँपालिका अन्तर्गतका ११ वटै वडा कार्यालयहरुमा वडाबाट सेवा प्रवाह गर्ने गरी प्राविधिकहरु खटाइएको। साथै कृषि सेवा केन्द्र विरेठाँटी र वडा नं १० मा कृषि सेवाका कर्मचारी खटाइएको।
- कर्मचारी प्रशासन तर्फः
    - नयाँ नियुक्ति – १२ जना
    - तह वृद्धि – ७ जना
    - पदस्थापना – २ जना
    - सरुवा सहमती - २ जना
    - रमाना – ३ जना
    - अनिवार्य अवकास -१ जना
    - करार राजिनामा – १ जना
    - सरुवा भई आएका – ३ जना
    - उद्यम विकास सहजकर्ता पद संख्या -२ र छोम्रोङ आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि कार्यालय सहयोगी पदसंख्या -१ पदपूर्ति गर्न सूचना प्रकाशन गरिएको।

**सहकारी शाखाको प्रगति विवरण**

- सहकारी संस्थाहरुको वार्षिक तथा मासिक प्रतिवेदन प्राप्ति।
- प्रकृया पुगेका सहकारी संस्थाहरुको नविकरण गरिएको।
- माग बमोजिम सहकारी सम्बन्धी सूचना प्रणाली (कोपोपिस) सम्बन्धमा प्रविधिक सहयोग उपलब्ध गराइएको।
- सहकारी संस्थाहरुले माग गरेबमोजिम विभिन्न निकायमा छुट सहुलियत अनुदान सिफारिस गरिएको।
- सहकारी संस्थाको साधारण सभा सम्बन्धमा सहजीकरण गरिएको।
- आ.व. २०८२/०८३ को लेखा परिक्षणको लागि सहकारी संस्थाहरुलाई निर्देशन तथा ताकेता गरिएको।

**अध्यक्षज्यूको सचिबालयबाट सम्पादन भएका कार्यहरुः**

**१.**अध्यक्षज्यूको कार्यकक्षमा भेटघाटमा आउने २१० सेवाग्राहीहरुलाई अध्यक्ष ज्यू सँग भेटघाट,छलफल गर्नका लागि समय ब्यवस्थापन गर्न सहजिकरण गरिएको तथा अध्यक्षज्यूको अनुपस्थिति हुँदा सेवाग्राहीलाई आवश्यक सेवा प्रवाह गर्नका लागि अध्यक्षज्यू संग समन्वय गरि सहजिकरण गरिएको ।

**२.**विभिन्न संघ सस्थाहरु वाट प्राप्त कार्यक्रम,निमन्त्रणा सम्वन्धी चिठीपत्रहरुको वारेमा अध्यक्षज्यूलाई जानकारी गराउने तथा सहजिकरण गरिएको

**३.** विभिन्न वडाहरु वाट प्राप्त चिठीपत्रहरु अध्यक्षज्यूको निर्देशन अनुसार सम्वन्धित शाखा तथा क्षेत्रमा पुर्याइ पत्रको प्रकृती अनुसार सेवा प्रवाह गरिएको

**४.** अध्यक्षज्यूको दैनिकी कार्यक्रमको समय तालिका सचिचवालय बोर्डमा लेखी सेवाग्राहीलाई जानकारी गराइएको ।

**५.** विभिन्न वडाबाट आर्थिक सहायता माग तथा सिफारिस सम्वन्धमा अध्यक्षज्यूसँग समन्वय गरी मुल्याँङ्कनका आधारमा आर्थिक सहायता प्रदान गरीएको ।

**६.**नियमित दैनिक रुपमा इमेल चेक गरी अध्यक्षज्यू संग सम्वन्धित पत्रहरु प्रिन्ट गरी अध्यक्षज्यूलाई जानकारी गराउने ।

**आर्थिक प्रशासन शाखाबाट सम्पादन भएका कार्यहरु :**

आ व ०८२।८३ को पहिलो चौमासिक सम्म गाउपालिकामा प्राप्त निकासा तथा खर्चको विवरण यस प्रकार छ

| श्रोत | बार्षिक अनुमानित आय | वास्तविक आय |
|---|---|---|
| **संघीय सरकार** | **४६ करोड ५३ लाख** | **१२ करोड ५ लाख ३३ हजार** |
| समानीकरण अनुदान | ११ करोड ५७ लाख | २ करोड ४८ लाख २५ हजार |
| शसर्त अनुदान चालु | २८ करोड ६६ लाख | ९ करोड ३५ लाख ०४ हजार |
| शसर्त अनुदान पुँजीगत | ७५ लाख | ३६ लाख ३० हजार |
| बिशेष अनुदान पुँजीगत | २ करोड ५५ लाख | ० |
| समपुरक अनुदान पुँजीगत | ३ करोड | ० |
| **प्रदेश** | **२ करोड ३४ लाख ७४ हजार** | **६६ लाख ३७ हजार** |
| समानीकरण अनुदान प्रदेश | १ करोड ३२ लाख ७४ हजार | ६६ लाख ३७ हजार |
| शसर्त अनुदान चालु | २ लाख | ० |
| समपुरक अनुदान पुँजीगत | ६० लाख | ० |
| बिशेष अनुदान पुँजीगत | ४० लाख | ० |
| **राजश्व बांडफांड** | | |
| संघ+प्रदेश+आन्तरिक | **१६ करोड २७ लाख ६० हजार** | **५ करोड ७ लाख ७६ हजार** |

**खर्च प्रतिशत :**

| **बजेट** | **विनियोजित** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|
| चालु | ४३ करोड ९० लाख | १० करोड ६३ लाख | २४.२२ |
| पुँजीगत | २१ करोड २५ लाख | १ करोड ६७ लाख | ७.९ |
| कुल | ६५ करोड १५ लाख | १२ करोड ३१ लाख | १८.८९ |

**बिषयगत क्षेत्र अनुसार**

| बिषयगत क्षेत्र | खर्च प्रतिशत |
|---|---|
| आर्थिक बिकास | ०.८२ |
| सामाजिक बिकास | २५.०५ |
| पूर्वाधार बिकास | ८.२७ |
| शुसासन तथा अन्तर सम्बन्धित क्षेत्र | १५.७२ |
| कार्यालय संचालन तथा प्रशासनिक | २४.८९ |

**राजश्व शाखा**

हालसम्म संकलित राजश्व : **६४** लाख **६६** हजार ६० रुपैया (अनुमानित राजश्वको २१ **प्रतिशत** संकलन)

<u>त्यसैगरी वडा अनुसार,</u>

<table>
<tr><th>क्र स</th><th>आ.ब २०८२/०८३ को पहिलो चौमासिकको आम्दानी विवरण</th><th>जम्मा</th></tr>
<tr><td>वडा न.१</td><td>२ लाख ७५ हजार १ सय ६४ रुपैया ६० पैसा मात्र</td><td rowspan="13">आ.ब २०८२/२०८३ को पहिलो चौमासिकमा अन्नपूर्ण गाउँपालिकाको जम्मा आम्दानी रु.६४,६६,०६०.११ (चौसठ्ठी लाख छैसठ्ठी हजार साठी रुपैया एघार पैसा मात्र)<br>अनुमानित राजश्वको २१ प्रतिशत मात्र।</td></tr>
<tr><td>वडा न २</td><td>२ लाख ८६ हजार ६ सय ३ रुपैया ८७ पैसा मात्र।</td></tr>
<tr><td>वडा न ३</td><td>२ लाख ६३ हजार २ सय २८ रुपैया ५८ पैसा मात्र।</td></tr>
<tr><td>वडा न ४</td><td>२ लाख ८६ हजार ४ सय ३३ रुपैया ९७ पैसा मात्र।</td></tr>
<tr><td>वडा न ५</td><td>१ लाख ९४ हजार १ सय १८ रुपैया ८९ पैसा मात्र।</td></tr>
<tr><td>वडा न ६</td><td>१ लाख ७३ हजार ३ सय ५३ रुपैया १ पैसा मात्र।</td></tr>
<tr><td>वडा न ७</td><td>३ लाख ५५ हजार ३ सय ८ रुपैया ५५ पैसा मात्र।</td></tr>
<tr><td>वडा न ८</td><td>२ लाख २३ हजार ३ सय ९८ रुपैया ५७ पैसा मात्र।</td></tr>
<tr><td>वडा न ९</td><td>१ लाख ४९ हजार २ सय ६१ रुपैया ८६ पैसा मात्र।</td></tr>
<tr><td>वडा न १०</td><td>३ लाख ४७ जहार ६१ रुपैया ५७ पैसा मात्र।</td></tr>
<tr><td>वडा न ११</td><td>२ लाख ९० हजार ५ सय ५२ रुपैया २९ पैसा मात्र।</td></tr>
<tr><td>गाउँपालिका केन्द्र</td><td>३६ लाख २५ हजार ५ सय ७४ रुपैया ३५ पैसा मात्र।</td></tr>
<tr><td>जम्मा</td><td>६४ लाख ६६ हजार ६० रुपैया ११ पैसा मात्र।</td></tr>
</table>

चालु आ.व. को पहिलो चौमासिक अवधिमा व्यवसाय दर्ता  र नविकरणको अवस्थाः

१. जम्मा व्यवसाय दर्ता - ३९

२. जम्मा व्यवसाय नबिकरण – २६५

**कृषि सेवा शाखाबाट सम्पादन भएका कार्यहरु**

- वडास्तरीय कृषक सञ्जाल बैठक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- धान र कोदो बालीको उत्पादकत्व सम्बन्धी तथ्याङ्क लिनका क्रप कटिङ्ग गर्ने कार्यहरु सञ्चालन गरिएको।

- कृषक समुह गठन गर्नका लागि आवश्यक सहजीकरण गरिएको, वडा नं ९ मा २ वटा कृषक समुह गठन गरेको।
- नियमित अनुगमन निरीक्षण, क्षति मुल्याङ्कन, प्राविधिक सेवा लगायतका क्रियाकलापहरु सञ्चालन भएको।

**चालु आ.व. को पहिलो चौमासिकमा पशु सेवा शाखाबाट सम्पादन भएका कार्यहरु**

| क्र.स. | बिवरण | ईकाइ | लक्ष्य | जम्मा प्रगती | कैफीयत |
|---|---|---|---|---|---|
| **क** | **पशुपन्छी स्वास्थ्य सेवा** | | | | |
| १ | मेडीकल उपचार सेवा | संख्या | आवश्यकता अनुसार | १३७५ | |
| २ | गोवर परिक्षण सेवा | संख्या | ,, ,, | ५७१ | |
| ३ | गाईनोकोलोजीकल उपचार सेवा | संख्या | ,, ,, | २१२ | |
| ४ | माईनर सर्जिकल उपचार सेवा | संख्या | ,, ,, | १२४ | |
| ५ | नमुना संकलन तथा प्रेषण सेवा | संख्या | ,, ,, | ७६ | |
| ६ | पोष्टमार्टम सेवा कुखुरा | संख्या | ,, ,, | ४२ | |
| **ख** | **पशुपन्छी खोप सेवा** | | | | |
| १ | रेबिज रोग बिरुद्ध खोप | संख्या | ,, ,, | ३५२ | |
| **ग** | **निशुल्क औषधी बितरण** | | | | |
| १ | पुरुष सेवा ग्राही | संख्या | ,, ,, | ५२३ | |
| २ | महिला सेवा ग्राही | संख्या | ,, ,, | ६४१ | |
| **घ** | **कृत्रिम गर्भाधान सेवा** | | | | |
| १ | गाई | संख्या | ,, ,, | ४०० | |
| २ | भैसी | संख्या | ,, ,, | ७९७ | |

**शिक्षा युवा तथा खेलकुद शाखाबाट सम्पादन भएका कार्यहरु**

- गाउँपालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको।
- कक्षा १० (SEE) र कक्षा १२ उत्तीर्ण झण्डै २०० जना विद्यार्थीहरुलाई सम्मान तथा बधाई कार्यक्रम गरिएको।
- पालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न भएको। ८८४ जना विद्यार्थीहरु प्रत्यक्ष खेलमा संलग्न भएको। करिव २००० जना शिक्षक तथा विद्यार्थीहरुको सहभागीता रहेको।
- अभिभावक शिक्षा कार्यक्रम संचालनः श्री लक्ष्मी आवि र भगवती मावि गरी दुई स्थानमा।
- शिक्षकहरुको तलवी प्रतिवेदन पारित गरि नियमित तलब भत्ता निकासा विभिन्न शिर्षकमा विद्यालयमा सर्सत अनुदान निकासा पहिलो चौमासिकमा २८ प्रतिशत वित्तीय खर्च भएको। (ससर्त बजेट)
- विद्यालय अनुगमन तथा निरीक्षण नियमित भएको।
- कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको लागि अनलाईन कक्षामा सहभागीताको लागि अभिमूखिकरण कार्यक्रम गरिएको। यस वर्ष SEE परीक्षामा संलग्न ३०० जना विद्यार्थी अनलाइन कक्षामा जोडिएको।

- करार शिक्षक छनौट सवै तहमा गरी जम्मा १२ जना छनौट गरिएको ।
- शिक्षक सरुवा भई गएको ४ जना (माछापुच्छ्रे मा.वि., लहरी आ.वि., शितला सामुदायिक मा.वि. र भगवती मा.वि.) सरुवा भई आएको ३ जना (हिमालय मा.वि., बहादुरे मा.वि., माछापुच्छ्रे मा.वि.), माध्यामिक तहमा पदस्थापन ३ जना (धारापानी मावि, हिमालय मावि र मेश्रम बराह मावि ) भएका ।
- **"जहाँ विद्यार्थी तहाँ शिक्षक"** गाउँपालिकाको नीति वमोजिम भुगोल र विद्यार्थी संख्याको आधारमा दरवन्दी मिलान गरिएको ।
- शिक्षकहरुको बिरामी बिदा प्रमाणित तथा अभिलेखीकरण गरिएको ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरुबीच नियमित वैठक तथा छलफल कार्यक्रम संचालन ।
- शाखाबाट सम्पादन हुने अन्य नियमित कार्यक्रमहरु सरुवा सहमति सिफारिस, कक्षा ८ को ग्रेड सिट निर्माण तथा वितरण ।
- सूचना तथा प्रविधि सम्बन्धी पालिकाभरिका मावि सूचना प्रविधि सम्वन्धी शिक्षकहरुलाई २ दिने तालिम सम्पन्न गरिएको ।
- शिक्षकहरुको आ.व. २०८१/०८२ को सम्पत्ती विवरण र का.स.मु. संकलन तथा रुजु गरि विद्युतिय प्रणालीमा अध्यावधिक गरिएको ।
- ४२ जना लेखापरिक्षक सूचिकृत गरी विद्यालयहरुमा खटाईएको ।
- स्यानिटरी प्याड वितरण तथा व्यवस्थापनमा अनुगमन गरिएको ।

**स्वास्थ्य सेवा शाखाबाट सम्पादन भएका कार्यहरु**

- बार्षिक प्रगति समिक्षा गोष्ठि संचालन ।
- स्थानिय तहमा पोषण कार्यक्रमको समिक्षा तथा कार्यक्रमको योजना तयारी कार्यक्रम ।
- नाउडाडा स्वास्थ्य चौकीमा तालिम प्राप्त स्वास्थ्यकर्मीबाट USG मेशिनद्वारा गर्भ जाच सञ्चालनमा ल्याईएको ।
- महिला स्वास्थ्य स्वंयमसेविका दिवस मनाइएको ।
- सरकारी तथा गैर सरकारी सस्थाको समन्वयमा यस गाउँपालिका वडा नं. ४ भदौरेमा मिति २०८२/०५/२१ गते र वडा नं. २ स्थित अन्नपूर्ण आधारभुत अस्पतालमा मिति २०८२/०६/०४ गते मुटु रोग सम्वन्धी बिशेषज्ञ स्वास्थ्य शिबिर संचालन गरिएको ।
- बिपन्न नागरिक औषधि उपचार सेवा नियमित भइरहेको हाल सम्म २४ जनाको सिफारिस गरिएको
- अन्नपूर्ण गाउँपालिकाका ११ वटै वडाहरुमा जम्मा ६६० घरपरिवारको स्वास्थ्य बिमा गरिएको जस मध्ये ७१.७३% अनुदान पाउने परिवार संख्या ६४१ र शतप्रतिशत अनुदान पाउने संख्या १९ घर परिवार रहेका छन्।
- स्वास्थ्य चौकी, आ.स्वा.के, सा.स्वा.ई बाट नियमित सेवा प्रवाह भइरहेको ।

- बिद्यालय स्वास्थ्य शिक्षा तथा बालबालिकाको स्वास्थ्य परिक्षण कार्यक्रम भएको ।
- सुरक्षित गर्भपतन कार्यक्रम अन्तर्गत (२४) जनाले सेवा लिएको ।
- स्वास्थ्य चौकीमा आमा सुरक्षा कार्यक्रम अन्तर्गत (११) जनाको सफल सुत्केरी सेवा लिएको ।
- मधुमेह तथा उच्चरक्तचाप रोगको समुदायस्तरमा म.स्वा.से मार्फत परिक्षण कार्यक्रम गरिएको ।
- राष्ट्रिय भिटामिन कार्यक्रम पहिलो चरण सम्पन्न (११०६) जना ।
- अन्नपूर्ण आधारभुत अस्पतालमा ल्याब तथा डाक्टरहरु व्यवस्थापन गरी स्वास्थ्य सेवा संचालन गरिएको ।
- आमा सुरक्षा सुपरिवेक्षण तथा अनुगमन बिभिन्न स्वास्थ्य संस्थाहरुमा भएको ।
- अन्नपूर्ण आधारभुत सिविरमा प्राथमिक उपचार केन्द्र स्थापना गरि आवश्यक वन्दोवस्वतीका सामाग्री सहित स्वास्थ्यकर्मी व्यवस्थापन भई सेवा प्रवाह शुरु गरिएको ।

**सामाजिक सुरक्षा तथा पन्जिकरण शाखाबाट सम्पादन भएका कार्यहरु**

**सामाजिक सुरक्षा (प्रथम त्रैमासिक)**

| सि नं | विवरण | जम्मा संख्या | बितरित रकम |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक | २६३२ | ३१४५७९९५ |
| २ | जेष्ठ नागरिक दलित | ४८६ | ३७९३०७४ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २७२ | २१५९९२० |
| ४ | बिधवा ( आर्थिक सहायता ) | ३८६ | २९१८०२० |
| ५ | अपांगता क बर्ग | १११ | १३२८६७० |
| ६ | अपांगता ख बर्ग ( आर्थिक सहायता ) | १९५ | १२४०६२४ |
| ७ | दलित बालबालिका | ५४२ | ८३५७९६ |
| | **जम्मा** | **४६०६** | **४३७३४०९९** |

**( जम्मा चार करोड सैतिस लाख चौतिस हजार उनान्सय मात्र)**

**पञ्जीकरण तर्फ**

२०८२ श्रावण देखि २०८२ कार्तिक मसान्तसम्म घटना दर्ताको शिर्षकगत बिवरण

| सि नं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जन्म | महिला ७२<br>पुरुष ९९<br>जम्मा १७१ | |
| २ | मृत्यु | महिला २८<br>पुरुष ३७<br>जम्मा ६५ | |
| ३ | बिबाह | ७९ जोडी | |

| | | | |
|---|---|---|---|
| ४ | बसाइ सराइ | आएको ३१<br>गएको ३१ | |
| ५ | सम्बन्ध बिच्छेद | १९ जोडी | |
| | **जम्मा घटना दर्ता संख्या** | **३५२** | |

**योजना तथा प्राबिधिक शाखाबाट सम्पादन भएका कार्यहरु**

उपभोक्ता समितिबाट संचालन हुने योजनाहरु

| क्र सं | विवरण | संख्या |
|---|---|---|
| १ | जम्मा योजना | २३२ |
| २ | सम्पन्न योजना | ५ |

**प्राबिधिक शाखा**

२०८२/८३ मा पूर्वाधार शाखाबाट सम्पन्न भएका कामहरुको बिबरण

टेन्डर र सम्झौता भई निर्माणको चरणमा रहेका

| सी न | योजनाको नाम | सम्झौता रकम | कैफियत |
|---|---|---|---|
| १ | काडे भदौरे सल्यान पुरानोगाउ ग्रामिण सडक स्तरउन्नति , अन्नपुर्ण ३,४ | १,२३,५५,२०९.८८ | प्रदेश समपुरक |
| २ | काडे भदौरे ग्रामिण सडक मर्मत योजना अन्नपुर्ण -४ | २९,०९,७४४.५३ | आन्तरिक |
| ३ | अन्नपूर्ण रिंगरोड बिस्तार एबम स्तरउन्नति(पुरानो गाउ खण्ड)<br>अन्नपुर्ण -५ | २३,५०,४२६.१८ | आन्तरिक |
| ४ | बिरेठाटि कल्बर्ट निर्माण , अन्नपूर्ण -८ ,९ | २६,७८,७८४.५८ | संघ ससर्त |
| ५ | बिरेठाटि मोहोरिया फुलिबांग चाने सडक अन्नपूर्ण -८ | १,८३,९६,९०८.०८ | संघ समपुरक |

नोट :

१ . जिल्ला समवय अन्तर्गत १-९ वडाको योजना टेन्डर भएको , लुम्ले तान्चोक भिचुक टोलका लान्द्रुक ग्रामिण सडक (संघिय समपुरक ) मुल्याकंनको चरणमा रहेको।

२ . वडा ३ र ४ को योजना मराइचे मोटरबाटो र खागे मोटरबाटो पनि टेन्डर भएको।

३ . वडा न २ को शितगृह निर्माण (प्रदेश बिशेष) , इवारिखोला – खडकारे –रहाले –पाख्रिस्वरा सिचाई योजना(संघ बिशेष) , घान्द्रुक खानेपानी (संघ बिशेष) लागत अनुमान तयार भई टेन्डरको प्रकियामा रहेको , खोप केन्द्र निर्माण (जिल्ला समवय ) , भदौरे समाज घर ( संघिय ससर्त ) टेन्डर हुन बाकि रहेको।

४. वडा १ देखि ११ सम्म विपदजन्य सरसफाई सम्पन्न भएको।

**सूचना प्रविधि शाखाबाट  सम्पादन भएका कार्यहरु**

- गाउँपालिका र वडा कार्यालयमा राजश्व ब्यबस्थापन प्रणाली, योजना अनुगमन एबम ब्यबस्थापन प्रणाली लगायत बिभिन्न बिधुतिय शुसासन प्रणाली नियमित सुचारु गर्नको लागि गाउँपालिका तथा वडा कर्मचारीलाई नियमित प्राबिधिक सहयोग उपलब्ध गराउदै आएको,
- गाउँपालिका तथा वडाका कर्मचारीलाई सूचना प्रबिधि एबम बिभिन्न प्रणाली प्रयोगमा क्षमता अभिवृद्धि गरेको,
- गाउँपालिका,वडा कार्यालय र स्वास्थ्य संस्थामा नियमित इन्टरनेट  सेवा प्रबाह एबम विस्तारको लागि प्राबिधिक सहयोग उपलब्ध गराएको,
- गाउँपालिकाको सूचना प्रबाहको लागि वेबसाइट एबम सामाजिक संजाल नियमित अध्यावधिक गरेको,
- गाउँपालिकामा रहेका बिभिन्न प्रणाली,कम्प्युटर मर्मत एबम सुरक्षा संबेदनशिलतालाई अध्यन गरी सेवा प्रबाहलाई नियमित बनाउन पहल गरेको,
- कार्यपालिका तथा गाउँसभाबाट पारित कानूनहरु राजपत्रमा प्रकाशित गरेको,
- प्रदेश सरकार, सङ्घीय सरकार, विकास साझेदारहरू) बाट माग भई आएका **आवश्यक तथ्यांकहरू** लाई यथार्थपरक रूपमा **समयमै संकलन तथा उपलब्ध** गराएर सूचना सहजीकरणको कार्य गरिएको,
- अन्य नियमित सूचना प्रबिधि संग सम्बन्धित काम र प्राबिधिक सपोर्ट उपलब्ध गराइएको,

**वातावरण, सरसफाई तथा विपद ब्यवस्थापन शाखाबाट तेस्रो चौमासिकमा सम्पादन भएका कार्यहरु**

१) विपद सम्बन्धि खोज उद्दार तथा राहत कार्यलाई उच्च प्राथमिकतामा राखिएको ।

२) आवश्यकता र मागका आधारमा पाईप- ७७०९ मि. र ग्याविन जाली- २०० थान खरिद कार्य गरिएको ।

३) यस गाउँपालिकाका विपद जन्य घटना बाट प्रभावित १४ जना घर परिवारलाई आर्थिक सहायता उपलब्ध गराईएको

४) यस गाउँपालिकाका विपद जन्य घटना बाट प्रभावित १९ जना घर परिवारलाई जस्तापाता उपलब्ध गराईएको

५) यस पालिका अन्तरगत देहाय बमोजिम पाईप जाली र त्रिपाल वितरण कार्य गरियो

पाईप – ७५२५ मि

ग्याविन जाली- ४० थान

त्रिपाल- ५० थान

**न्यायिक समिति तर्फ**

**अन्नपूर्ण गाउँपालिका कास्की, न्यायिक समिति**

| उजुरी/विवादको प्रकार | उजुरी संख्या | | | फर्छयौट भएको | बाँकी |
|---|---|---|---|---|---|
| | अल्या | नयाँ | जम्मा | | |
| जग्गा/साँध सिमाना विवाद सम्वन्धी | | १ | | १ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| पति पत्नी/ घरायसी विवाद सम्बन्धी | ० | १ | | १ | ० |
| लेनदेन सम्बन्धी विवाद | | २ | | १ | १ |
| **कुल जम्मा** | **०** | **४** | **४** | **३** | **१** |

- आर्थिक वर्ष ०८२/०८३ मा **नयाँ उजुरी दर्ता ४ वटा**, जसमा **फर्यछौट गरिएका मुद्दाहरूको संख्या ३ वटा** रहेको छ।
- हाल मेलमिलापको चरणमा रहेका मुद्दाहरूको संख्या १ वटा रहेका छन्।
- हाल कार्यान्वयनको चरणमा रहेका मुद्दाहरूको संख्या १ वटा।
- हाल **११ वटा वडामा वडा मेलमिलाप केन्द्रहरू** सञ्चालनमा रहेका छन्।
  मेलमिलाप प्रक्रियामा संलग्न **महिला मेलमिलापकर्ताको संख्या ३३** जना रहेको छ भने **पुरुष मेलमिलापकर्ताको संख्या २६** जना रहेको छ।

**सुरक्षित आप्रवासन कार्यक्रम (सामी)**

| सि नं | कार्यक्रमको बिवरण | सहभागी संख्या |
|---|---|---|
| १ | मनोसामाजिक परामर्शका जम्मा केश | १६ |
| २ | मनोसामाजिक परामर्शका फलोअप केश | १५ |
| ३ | मनोसामाजिक परामर्शका सम्पन्न केश | १ |
| ४ | बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा | ५० |
| ५ | जम्मा | ६६ जना |

घ बर्गको निर्माण ब्यवसायी इजाजतपत्र नबिकरण संख्या - ५३

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक**

आ.व २०८२/०८३ को प्रथम चौमासिक प्रगति विवरण :

अपांगता परिचयपत्र वितरण : २०८२ साउन देखि हाल सम्म वितरण गरिएका परिचयपत्रहरु

| १) अपांग परिचयपत्र वितरण वर्ग | क | ख | ग | घ | जम्मा |
|---|---|---|---|---|---|
| | ७ | ५ | ० | ० | १२ |
| यस गाउँपालिकाबाट हाल सम्म जारी गरिएका नयाँ अपांग परिचयपत्रको विवरण | | | | | |
| वर्ग | क | ख | ग | घ | जम्मा |
| जम्मा | १३४ | २०९ | ५४ | १५ | ४१२ |

२) जेष्ठ नागरिक परिचयपत्र वितरण :

हालसम्म वितरण गरिएका जेष्ठ नागरिक परिचयपत्र

| जेष्ठ नागरिक (महिलाा) | जेष्ठ नागरिक (पुरुष) | जम्मा संख्या |
|---|---|---|

| | | |
|---|---|---|
| ४१२ | ३०७ | ७१९ |

नोट : यो आ. व २०८२ साउन देखि हाल सम्म वितरण गरिएका जेष्ठ नागरिक परिचयपत्रहरु

| जेष्ठ नागरिक (महिला) | जेष्ठ नागरिक (पुरुष) | जम्मा संख्या |
|---|---|---|
| ४ | ३ | ७ |

नियमित क्रियाकलापहरु

- अपांङ्गता पचियपत्र वितरण ।
- अपांङ्गता परिचयपत्र वितरण समन्वय समितीको बैठक संचालन ।
- अपांङ्गता भएका व्यक्तिहरुको घरघरमा पुगी अनुगमन ।

३४ औ अन्तराष्ट्रिय अपांगता दिवसको अवसरमा अपांगता भएका व्यक्तिहरुलाई आवश्यक साम्रगी वितरण

## आयुर्बेद औषधालयबाट सम्पादन भएका कार्यहरु

१. आयुर्वेद स्वास्थ्य संस्था नभएका सबै वडाहरुमा प्रत्येक महिनामा घुम्ती आयुर्वेद सेवा प्रबाह गर्ने गरिएको छ

२, आयुर्वेद औषधालयबाट सेवा लिएका सेवा ग्राही संख्या (महिला ४८७ पुरुष ३९७) जम्मा ८८४ जना

३, स्तनपाई (दुग्धवर्धक) आमालाई औषधि वितरण जम्मा ३३ जना।

४, जेष्ठनागरीक स्वास्थ्य प्रबर्धन सेवा कार्यक्रम (महिला ६२ पुरुष ७४) जम्मा १३६ जना।

५. पूर्वकर्म सेवा औषधी युक्त बाफबाट उपचार (महिला ३३१ पुरुष २३२) जम्मा ५६३ जना।

६, गाउँघर किल्निक तथा नसर्नेरोग ब्यबस्थापन कार्यक्रम वडा बडामा (महिला ३७९ पुरुष २६४) जम्मा ६४३ जना।

७, धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिबस जम्मा सहभागी २७ जना।

जम्मा कुल लाभान्वीत संख्या २,२८७जना।

## वडा कार्यालयतर्फ (११ वटै) बाट सम्पादन भएका कार्यहरु

- वडामा नियमित बैठक बसी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाइएको।
- राजश्व संकलन, योजना सम्झौता अनलाइन प्रणाली मार्फत गर्ने गरिएको।
- राजश्व संकलनको काम नियमित हुने गरेको।
- घटना दर्ता तथा सामाजिक सुरक्षासंग सम्बन्धित कामहरु नियमित हुने गरेको।
- तथ्यांक संकलन, सूचना प्रवाहको काम नियमित हुने गरेको।
- योजना कार्यान्वयनको लागि प्रभाबकारी रुपमा काम हुँदै आएको।
- दैनिक प्रशासनिक काम प्रभाबकारी रुपमा संचालन गरि सेवा प्रवाह गरिएको।